# संघीय संसद

# राष्ट्रिय सभा

# चौधौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १५ असार २०८०

# शुक्रवार

# बैठक सङ्ख्या- १९

राष्ट्रिय सभाको आजको दोस्रो बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १५:३४ बजे प्रारम्भ भयो ।

(१५:३६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको दोस्रो बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "विनियोजन विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

(१५:३६ बजे) **माननीय अर्थमन्त्री डा. प्रकाशशरण महत**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "विनियोजन विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष प्रस्तुत गर्दछु ।

(१५:३६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "विनियोजन विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ । यस क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने बेहोरा जानकारी

गराउँछु । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरूलाई तीन मिनेटको समय निर्धारण गरेको छु ।

माननीय खिमलाल देवकोटा ।

(१५:३७ बजे) **माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- यो विषय प्रसङ्ग सुरु गर्नुभन्दा अगाडि हामी संघीयतामा गइसकेपछि संघीयतापछिको पहिलो बजेटको सन्दर्भमा त्यस बेलाका मुख्यामन्त्रीहरूले के जवाफ दिनुभा' थियो भने बजेट कस्तो छ? भनेर प्रश्न गर्दाखेरि पञ्चायतकालीनजस्तो बजेट छ भनेर उत्तर दिनुभा'को थियो । त्यो बेला पञ्चायतकालीन बजेट भन्ने केही मुख्यमन्त्रीहरूलाई त्यसवालाको लाई मैले सोधेँ, अहिलेको बजेट कस्तो छ? भनेर प्रश्न गर्दाखेरि राणाकालीनजस्तो उत्तर दिनुभो' मलाई । मैले यो प्रसङ्ग किन जोडेँ भने सम्माननीय अध्यक्ष महोदय, मैले २० वर्षजति भयो मैले विकेन्द्रीकरण सम्बन्धमा पछि संघीयतामा आइसकेपछि संघीयताको सम्बन्धमा मैले बोलेको, लेख्न थालेको, कलम चलाएको मेरो २० वर्षको अनुभवमा यस्तो खालको बजेट चैं मैले कहिले पनि देख्या छैन । यो विषय मैले यहाँ जोडदारसँग कुरा गर्छु ।

सम्माननीय अध्यक्ष महोदय, कामलाई चैं दामले पछ्याउनुपर्छ, कामलाई चैं वित्तीय स्रोतसाधनले पछ्याउनुपर्छ, कामलाई चैं कर्मचारीले पछ्याउनुपर्छ, कामलाई कानुनलगायतले पछ्याउनुपर्छ भन्ने सामान्य एउटा फन्डामेन्टल प्रिन्सिपलको बारेमा पनि यो संसदमा मैले पटक पटक भनेको छु । तर यो र नेपाल सरकारका विभिन्न अध्ययन प्रतिवेदनहरू हेर्दाखेरि पनि ६० प्रतिशतभन्दा बढी कामको लोड चैं प्रदेश र स्थानीय तहमा ग'को छ । तर यो बजेट हेर्दाखेरि सम्माननीय अध्यक्ष महोदय, करिब करिब जम्मा २३ प्रतिशत मात्रै तल अनुदान, वित्तीय हस्तान्तरण, समानीकरण, ससर्तलगायत जम्मा २३ प्रतिशत मात्रै ग'को छ भन्नेपछि त्यो ससर्त अनुदानको त कुरै नगरौं । ६० प्रतिशत, त्यो टोटल अनुदानमा ६० प्रतिशत त ससर्त अनुदान छ । ससर्त अनुदान त हजार, लाखका योजनाहरू तोकेर, यहीँबाट तोकेर पठाइएको छ । त्यो विकृतिको त कुरै नगरौं ।

अर्को प्रदेशगत र पालिकागत रूपमा पनि सन्तुलन छैन । बजेटमा एउटा सामान्य एलोकेसनको एउटा फन्डामेन्टल प्रिन्सिपल के हो भने यो भर्टिकल र होरिजेन्टल ब्यालेन्स हुनुपर्छ भन्ने हो । प्रतिनिधि सभामा बहुत बहस पनि भयो । न यसले भर्टिकल ब्यालेन्स गरेको छ, न होरिजेन्टल ब्यालेन्स गरेको छ । र यसमा कुनै जुन नेताको निवार्चन क्षेत्रमा मात्रै,

मन्त्रीको निर्वाचन क्षेत्रमा मात्रै बजेट जानुको अर्थ के हो? भनेपछि हामीले यसैको लागि संघीयता ल्याको सम्माननीय अध्यक्ष महोदय? हामीले यसैको लागि गणतन्त्र लिएर आको हो? आफ्नै निर्वाचन क्षेत्रमा मात्रै बजेट लाने भनेर त्यो लेराको? यति मात्रै होइन कि यहाँ २ लाखका, ५ लाखका योजना यति छ कि सम्माननीय अध्यक्ष महोदय, म एउटा उदाहरण भन्न चाहन्छुः साबिकको गा.वि.स. को स्तरभन्दा समेत तल झरेर हामीले त्यो बेलामा स्थानीय निकाय खर्च व्यवस्थापन भन्ने एउटा कार्यविधि बना'का थियौं, सम्माननीय अध्यक्ष महोदय । यो २०६९ सालको बनाको हो । त्यो कार्यविधिमा गा.वि.स. ले समेत, गा.वि.स. ले समेत २ लाखका भन्दा तल योजना नगर, नगरपालिकाले ५ लाखभन्दा तल नगर भनेर त्यो बेलामा यो कार्यविधिमा लेखेको छ । यो एकात्मक व्यवस्थाको गा.वि.स. को कुरा गर्दैछु मैले । त्यो बेलाको स्थानीय निकायको कुरा गर्दै छु । अहिलेका नेपाल सरकारका मन्त्रालयहरूले २ लाखका भन्दा साना योजना ल्याएपछि यसको जवाफदेहिता, उत्तरदायित्व यो मन्त्री हुनुपर्छ कि पर्दैन? अर्थमन्त्रीमा हुनुपर्छ कि पर्दैन?

सम्माननीय अध्यक्ष महोदय, जस्तो भौतिक पूर्वाधार मन्त्रालयमा २८ सय २९ वटा योजनाहरू छ । त्यस्तै सहरी विकास मन्त्रालयमा १५९ वटा छ । अब यो ५० लाखका भन्दा सानो योजनाको सङ्ख्याको सहरी विकास मन्त्रालयमा ९८ प्रतिशत, अनि त्यसपछि ल्याएर खेलकुद मन्त्रालयमा ९९ प्रतिशत छ । अब यो यस्ता साना साना २ लाखका भन्दा साना योजना राख्ने अनि पालिकालाई पनि अब साना, हामीले त्यो बेलासमेत भनेका अब यो अनि अर्थमन्त्रीज्यूको बजेट भाषण हामीले हेर्दाखेरि के लेखेको छ भने साना साना योजनामा मैले बजेट राखेको छैन भनेर लेख्नुभा' छ । विनियोजन विधेयकमा पनि त्यही लेख्नुभा' छ । मैले छुँदै छैन । म बीपीको अनुयायी भनेर प्रतिनिधि सभामा म झुटो बोल्न जान्दिनँ, झुटो लेख्न जान्दिनँ भनेर प्रतिनिधि सभामा ...... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय विमला घिमिरे ।

(१५:४० बजे) **<u>माननीय श्री विमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, यो विनियोजन विधेयकमाथि हामी सैद्धान्तिक छलफलमा छौं । यो विधेयक प्रतिनिधि सभाबाट हामीकहाँ आइपुगेको छ । तथापि यो यसको सैद्धान्तिक छलफल हेर्दा यसले न त प्राथमिकता र सिद्धान्तलाई छुन सकेको छ, न त आवश्यकताका आधारमा भौतिक निर्माणतर्फ बजेट विनियोजन गरिएको छ, न त साना व्यापारीहरूलाई यसले छुन सकेको छ, न

त कृषिमा थोरै बजेट बढाएको देखिए पनि यसले खर्च कसरी गर्ने? कहाँबाट गर्ने? कसका लागि गर्ने? भन्ने कुराको कुनै त्यस्तो सैद्धान्तिक आधार यहाँ देखिँदैन । खालि जनतालाई अलमल्याउनका निम्ति र बजेट वक्तव्यमा केही मिठास भर्नका निम्ति नाराहरू सिर्जना गरिएको छ । ती नाराहरू राख्दैमा बजेट मिठो एकछिन पढ्नको लागि त होला तर यो जनताको पक्षमा छैन । यसले योजना आयोगमा सङ्कलन भएका, योजना बैङ्कमा सङ्कलन भएका जुन योजनाहरू छन्, ती योजनाहरूसित कुनै सम्बन्ध राख्दैन । यसले आफ्नो र आफ्नाका लागि भनेर जुन बजेट विनियोजन गरेको देखियो, यसमा प्रधानमन्त्री, अर्थमन्त्री, गृहमन्त्रीलगायतका महत्त्वपूर्ण मन्त्रालयमा रहनुहुने मन्त्रीज्यूहरूका जिल्लामा अत्यन्तै धेरै बजेट, कुनै ठाउँमा कुनै वडै नभएका ठाउँमा पनि बजेट विनियोजन गरेको हामीले सुनेका छौं, देखेका छौं । कुनै वडा नै छैन तर पनि त्यहाँ बजेट हालिएको छ । कुनै पुल बनाउने ठाउँ नै छैन, त्यहाँ बजेट हालिएको छ । यस्तो यो हिसाबले हेर्दा यसका कुनै स्थानीय तह, प्रदेश पनि सन्तुष्ट छैन । हामीले स्थानीय तहको पनि कुरा सुनेका छौं । त्यसैले पहिलाभन्दा बजेट घटाएर तल पठाउने, यो संघीयता विरोधी पनि यो बजेट छ ।

त्यसैले यो सैद्धान्तिक हिसाबले पूरै यो पास गर्न नसकिने खालको विनियोजन विधेयक भएको हुनाले यो विधेयकमाथि कुनै जनताले भर पर्नुपर्ने, यसमा दिगो विकासका लक्ष्यहरूसित पनि कुनै सम्बन्ध यसले राख्दैन । पन्ध्रौं पञ्चवर्षीय योजनाको विषयमा पनि यसले कहीं कतै समीक्षा गरेको पनि देखिँदैन र सोह्रौं पञ्चवर्षीय योजनालाई अब कसरी लागु गर्छन् भन्ने कुरा पनि कहीं कतै भेटिँदैन । त्यसैले म यो सैद्धान्तिक छलफल गर्दै गर्दा यो बजेट पूरै, यो विनियोजन विधेयक चैं पूरै फेल हुने खालको विधेयक छ । यो जनताको विधेयक बन्न सकेको छैन । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय तुलसा कुमारी दाहाल ।

(१५:४३ बजे) **माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, हामी अहिले "विनियोजन विधेयक, २०८० को माथि विचार गरियोस्" भन्ने प्रस्तावमा छलफल गरिरहेका छौं । र यसमा के देखिन्छ भने नीतिअनुसारको बजेट छैन । बजेट वक्तव्यअनुसारको चैं मन्त्रालयले बजेट विनियोजन गरेको देखिँदैन । यो एकआपसमा बाझिएको छ । र यो चैं चारो छरेजस्तो बजेट देखिन्छ सबैलाई पुर्याउन । र विगतको कार्यक्रमको निरन्तरता पनि छैन । केही कार्यक्रम बजेटमा बोलेको छ, स्थलगत

छैन । त्यो भ'को हुनाले यो बजेटलाई परिमार्जन गर्नुपर्छ भन्ने हामीलाई लागेको छ ।विगतका कार्यक्रमः ग्याँस, चुलो वितरण गर्ने कार्यक्रम के भयो? महिला पहिला भन्ने कार्यक्रम के भयो? यस्ता धेरै कार्यक्रमहरू विगतको कार्यक्रमलाई निरन्तरता दिन सकेको छैन ।

त्यसै गरी यहाँ के देखिन्छ भने कतिपय कार्यक्रमहरू चैं नयाँ थपिएका छन् । नयाँ नाराहरू आएका छन्, सुनौला अक्षरमा लेखिएका छन् तर त्यसले चैं अलिकति वास्तविक कुरो चैं कार्यक्रम गर्न सकिने देखिँदैन । ज्येष्ठ नागरिकको लागि गोठाटारमा १६५ जनाको लागि आवास बनाउने कुरा थियो । त्यो आवास र बजेट छुट्याएको छ तर अहिलेसम्म जग्गाको कुनै निश्चित छैन । नेपाल सरकारको नाममा आएको पनि छैन ।

त्यसै गरी महिला हिंसाविरुद्धको मङ्गला साहाना पुनर्स्थापना केन्द्र भनेर चैं भक्तपुरमा सूर्यविनायकको वडा नम्बर ७ मा जग्गा चैं प्राप्ति भएको छ, घेरावारा गरेको छ, वर्षेनी बजेट छुट्याएको छ । त्यो भवन कहिले बन्छ? अलि अलि, अलि अलि बजेट छुट्याएर बन्न सक्दैन ।

यसै गरी बाल सुधार गृहको स्थिति हेर्ने हो भने पनि त्यस्तै छ बाल सुधार गृहमा पनि । त्यो चाहिँ १८ वर्षभन्दा माथिका पनि बालबालिका रहेका हुनाले त्यही बाल सुधार गृहमै हिंसा हुन सक्ने सम्भावना पनि छ । यसतर्फ सरकारको ध्यान गएको छैन । र वित्तीय संघीयताको पनि सरकारले लागु गर्न सकेको छैन । यसर्थ यो बजेटको पुनः समीक्षा हुनुपर्छ र पुनः लेखन गर्नुपर्छ भन्ने मलाई लागेको छ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय राजेन्द्र लक्ष्मी गैरे ।

**(१५:४५ बजे)** **<u>माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, जुन विनियोजन बजेट योजना विधेयकको कुरा आएको छ २०८० को, यसले आम नेपाली जनताले के भनिरहेका छन् भन्ने सन्दर्भमा यो बजेट आउँदा अथवा यो विनियोजित कार्यक्रम आउँदाखेरिमा कम से कम सतहत्तरै जिल्लाको मान्छेहरूलाई छुने एक/एकवटा भए पनि ठुलो योजनाहरू पर्नुपर्दथ्यो । त्यो छोएको पाइएको छैन ।

त्यस्तै गरी पछाडि परेको भूगोल र क्षेत्रलाई विशेष प्राथमिकता दिएर योजना बनाइएको पनि देखिएन । देशको अहिलेको आर्थिक सङ्कट गरिबी र मान्छेमा जुन खालको चिन्ता छ, यसले देशको सङ्कटलाई समाधान गर्नेतर्फ उन्मुख भएको पनि हामीले देखिरहेका छैनौं । समस्या

समाधान गर्नेतर्फ पनि उन्मुख छैन । र विशेष गरी अहिले नेपालमा रहेको जनसङ्ख्या त्यसमा पनि महिलाहरूको सङ्ख्या, त्यसलाई हेर्दाखेरिमा पनि यसले महिलाहरूलाई, युवाहरूलाई आत्मनिर्भर बनाउँछ भनेर विश्वास गर्न सकिने ठाउँ देखिएको छैन । र मैले केही मन्त्रालयहरूको पनि योजना हेरें । सरर हेर्दा एउटा पालिका छोएको छ । त्यसमा पनि यति साह्रो न्यारो हिसाबले छोएको छ । यसले गर्दा समग्र सबैलाई सम्बोधन गर्न सकिएन कि? यसमा ध्यान पुर्याइएन कि? भन्नुभा'को छ । यसले कम्तीमा यो सरकारले ल्याएको योजनाले हामीलाई यो कार्यक्रमले छोयो भनेर विश्वास गर्न सकिने, आत्मसात् गर्न सकिने गरी आओस् भन्ने भन्न चाहन्छु । यति मात्रै भन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय रामचन्द्र राई ।

**(१५:४७ बजे) माननीय श्री रामचन्द्र राई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, बजेट आ'को छ । हामीले सोचेको बजेट आइरहँदाखेरि हाम्रो मुलुक संघीय प्रणालीमा गा'को छ । संघीय प्रणालीले अवलम्बन गरेको जे मूलभूत आधारहरू छन्, त्यो आधारहरूलाई यसले सम्बोधन गर्छ कि गर्दैन? यसले सम्बोधन गर्यो कि गरेन? भनेर त्यो बजेटलाई किताबहरूमा खोज्यौं । खोज्दाखेरि भेटियो के भन्दाखेरि यसले समन्यायिक विकासका संघीयताका मूल मर्मको रूपमा रहेको समन्यायिक विकासका अवधारणालई यसले आत्मसात् गर्यो कि गरेन? भनेर हेरेको, त्यस्तो देखिएन । अब यसले जब समन्यायिक विकासको अवधारणा यसले मान्दैन, संघीयता मुलुकमा लागु भा'को छ । संघीय राज्य प्रणालीमा छौं । संघीय राज्य प्रणाली र संघीयतालाई बलियो बनाउनको लागि यसमा अझ strengthening गर्नको लागि बजेटले व्यवस्था गर्ने र ती मान्छेहरूले हामी संघीयतामा छौं, संघीयता ठिक छ भनेर विश्वास गर्ने र सबै मान्छेले विकासको अनुभूति पाउने गरी वञ्चितीकरणमा परेका मान्छेहरूले वञ्चितीकरणबाट उन्मुक्ति पाउने गरी समन्यायिक विकासको अवधारणाले छोएको भए यो बजेट ठिक छ भनेर भन्नुहुन्थ्यो ।

त्यसो नभईकन हामी कस कसलाई कहाँ कहाँ कसो गरी मन लागेको छ, त्यसै गरी यो चैं दबाबमा बनेको बजेट देखिन्छ । दबाबमा बनेको बजेटले साँचो अर्थमा अर्थतन्त्रलाई, आर्थिक नीतिहरूलाई, अर्थ प्रणालीका सिद्धान्तलाई यसले समेट्दैन । त्यसो भएकोले दबाबबाट प्रेरित भएर बनेको बजेट यो सवर्था नेपाली भूमिको लागि, नेपाली जनताको लागि उपयुक्त छैन । यसलाई कसो गरी हुन्छ समय सान्दर्भिक हुने गरी, संघीय प्रणालीलाई यसले आत्मसात् गर्ने गरी,

संघीयताको भावनालाई सम्बोधन हुने गरी बजेट बनाइनुपर्छ । मैले त्यसतर्फ अर्थमन्त्रीज्यूको पनि ध्यान जानुपर्छ । अब यसलाई कसो गरी सुधार गर्न सकिन्छ, यो पाटोमा ध्यान जाओस् । र मैले भन्छु यो यतिकै सहजै रूपमा पास गर्दाखेरि चैं साँचो अर्थमा यसले संघीयतालाई आत्मसात् गरेको देखिँदैन । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय दिल कुमारी रावल थापा "पार्वती" ।

**(१५:४९ बजे) <u>माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, विनियोजन विधेयकको सैद्धान्तिक पक्षमा हामी छलफलमा छौं । यो प्रस्तुत बजेट वक्तव्यमा हामीले सैद्धान्तिक आधारै प्राप्त गर्न सक्दैनौं । हाम्रो संविधानले समाजवाद उन्मुख संविधान समन्वय विकास सामाजिक न्यायमा आधारित विकास भनेर हामीले संविधानमा लेख्यौं, संघीय प्रणालीमा गयौं तर बजेट प्रस्तुत भइरहँदा हाम्रो यो बजेटले वित्तीय संघीयता कार्यान्वयनमा ध्यान दिएको छैन । संविधान सिद्धान्त र प्राथमिकता, सरकारको नीति र कार्यक्रम बजेट वक्तव्यसम्म आइपुग्दा यसको कोरिलेसन अथवा अन्तरसम्बन्धै भेटाउँदैन । थुप्रै त्यस्ता असम्बन्धित कुराहरू छन् । यो बजेट कार्यान्वयनमा जाने अवस्था पनि देखिँदैन । एउटा मात्रै म उदाहरण दिन्छु । झण्डै ३५, ३६ हजारको सङ्ख्यामा सरकारी विद्यालयमा कार्यरत शिशु शिक्षक विद्यालय कर्मचारीको सम्बन्धमा समस्या समाधान गरिने छ भनेर नीति कार्यक्रममा आको छ । शिक्षा मन्त्रालयले सम्झौता गरेको छ, आन्दोलन पक्षसँग । तर बजेटमा त्यस विषयमा सम्बोधन हुँदैन ।

अर्कोतिर हामीले, हाम्रो संविधानले प्राकृतिक स्रोत तथा वित्तीय आयोगको व्यवस्था गरेको छ, राष्ट्रिय योजना आयोगको व्यवस्था छ । राष्ट्रिय योजना आयोगले सिफारिस गरेको सिफारिस र सुझाव बजेटमा सम्बोधन हुँदैन । सरकारले त्यसलाई कार्यान्वयन गर्दैन भने अब हामीले संवैधानिक आयोग, प्राकृतिक स्रोत तथा वित्तीय आयोगका सिफारिसहरू जो वित्तीय संघीयता कार्यान्वयनको लागि ज्यादै महत्त्वपूर्ण पक्ष हो । प्राकृतिक स्रोत तथा वित्तीय आयोगले सिफारिस गरेका सुझावहरू, निकालेका निष्कर्षहरूको कार्यान्वयन हुँदैन । त्यस्तै राष्ट्रिय योजना आयोग जो पञ्च वर्षीय योजनाको हामी चौथौं वर्षमा छौं । सोह्रौंको तयारीमा छौं । तर राष्ट्रिय योजना आयोगले गरेको सिफारिस, सुझाव, बजेटको सिलिङ त्योअनुसार पनि सरकारले बजेट ल्याउँदैन भने यो सरकारकै अङ्गहरूको बिचमा पनि तालमेल छैन । यसरी ल्याको सरकारको दबाब र प्रभाव अगि पनि विषय उठेको छ । समानतामा आधारित, न्यायमा आधारित समन्यायिक हामीले

अहिले अगाडि ल्याएको समन्यायिक आवश्यकता र औचित्यको आधारमा विकास भन्ने कुरा चैं एकदमै पर गएको छ । दबाब र प्रभावमा यो बजेट आएको छ । यसले फेरि जनतामा निराशा पैदा भएको छ । जनतामा सरकारप्रति आक्रोश पैदा भएको छ । यो बजेट संशोधन हुनुपर्छ भन्ने म माग राख्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सुमित्रा वि.सी. ।

(१५:५१ बजे) **<u>माननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- अध्यक्ष महोदय, हामी आज यो विधेयकका बारेमा छलफल गरिरहँदा मलाई लाग्छ यसको आयस्रोत हामी कहाँबाट ल्याउँछौं भन्ने कुरोको टुङ्गो छैन । यसको निश्चित उद्देश्य, सिद्धान्त, लक्ष्य केही छैन । र हाम्रा नीति कार्यक्रमसँग मेल खाँदैन ।

र यो ठुला हामीले इलेक्ट्रोनिक गाडीकै बारेमा कुरा गर्दाखेरि जो सारा जनताहरूले, सर्वसाधारणले किन्न सकिने १ सयदेखि २ सय भोल्टका गाडीहरूको कर वृद्धि गरेको छ । र ठुलठुलाहरूको करमा पर्सेन्ट घटाएको छ । र जुन भविष्यका कर्णधार भनेका बालबालिकाहरूको एक मात्र राष्ट्रिय बाल अधिकार परिषद्मा बजेट छुट्याउँदाखेरि यसमा शून्य छ । जसले गर्दा २०७८ को गणनाअनुसार ३३.८४ प्रतिशत बालबालिकाहरू अन्यायमा परेका छन् । र जुन बालबालिकाहरूको लागि काम गर्ने संस्थाहरू छन्, ती संस्थाहरूको माध्यमबाट बजेटहरू दिंदाखेरि खासै त्यो उपलब्धि नभएको हामी महसुस गरिरहेका छौं । त्यसकारणले यो बजेटमा प्रष्ट नीति कार्यक्रम आओस् र जुन बजेट सबैको निम्ति समान होस् ।

प्रधानमन्त्री, विपक्षी दलको नेता, गृहमन्त्रीलगायतका नेताहरूको जिल्लाहरूमा धेरै बजेट जाने र अरू बाँकी रहेका जिल्लाहरूमा आधा बजेटले पुर्याउने यस्ता खालका प्रवृत्तिहरूलाई सच्याइयोस् । र बजेटमा पुनः लेखन गरेर ल्याइयोस् भन्ने म सभा अध्यक्षमार्फत हार्दिक अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय कुमार दसौदी ।

(१५:५४ बजे) **<u>माननीय श्री कुमार दसौदी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय सभा अध्यक्षज्यू, मैले अस्ति पनि भन्या थिएँ, हामीले हाम्रो देशभित्र जे जति चिजको उपभोग गर्छौं

तिर्दाखेरि कर पनि हामी समान ढङ्गले तिर्छौं । त्यस्तै गरेर विकासको अवधारणामा पनि समान ढङ्गले, समन्यायिक ढङ्गले आउँछ भन्ने आशावादी हुन्छौं । तर अहिले कस्तो देखियो भन्दाखेरि पञ्चायतकाल, राणाकाल हुँदाखेरि पनि बरु चैं अलि अलि हुन्थ्यो होला तर त्यो बेलाका शासक, सामन्तभन्दा पनि अझै झन् ठुला सामन्त हुन हामी खोज्या हौं कि जस्तो भान हुन थाल्यो ।

हरेक अस्ति योजना आयोग र अर्थ सचिवहरूसँग छलफल गर्दाखेरि राष्ट्रिय सरोकार समितिमा योजना बैङ्कबाट हामी योजना लिन्छौं, नयाँ योजना लिँदैनौं भन्ने खालको हामीलाई briefing गरिरहेको थियो । त्यो समितिमा भनिएको थियो । त्यही आशा हामीले गरेका थियौं । तर अहिले योजना हेर्दाखेरि त्यो योजना बैङ्कबाट योजनाबामट आएको पाईंदैन । अर्थमन्त्रीज्यूले कहाँबाट ल्याउनुभो'? कसरी ल्याउनुभो'? यो चैं नेपाली जनताले तिरेको कर भनेको खालि अर्थमन्त्री, मन्त्री, पार्टीका अध्यक्ष, प्रधानमन्त्रीहरूका लागि मात्रै हो र अध्यक्षज्यू? समान ढङ्गले आउन पर्यो नि बजेट भनेको । कम्तीमा नि आशावादी हुन पर्यो । यो वर्ष पर्दैन भने नि अर्को वर्षसम्म मेरो ठाउँमा नि विकास हुन्छ, यो क्षेत्रमा हाम्रो पनि अगाडि बढ्छ, पैसा आउँछ, यसले काम गर्छ, हाम्रो उन्नति, प्रगति हुन्छ भन्ने आशा राख्ने ठाउँ त हुन पर्यो । त्यस्तो कहीं पनि पाईंदैन । यस्तो खालको असामनता हामीले जब सिर्जना गर्छौं, बजेटका माध्यमबाट अनि भोलि जनताले तपाईं हाम्राविरुद्धमा विद्रोह गर्दैन भन्ने छ र? अवश्य पनि जनताले विद्रोह गर्छन् । जनताले सबक सिकाउने बेला आउन सक्छ । त्यस्तो मौका किन दिने अर्थमन्त्रीज्यू? कम्तीमा पनि रियलाइजेसन गरेर यसलाई चैं पुनर्लेखन गरेर सच्याएर आउने खालको हुन पर्यो ।

यो कहिले पनि हामी चैं मतलब कमा, फुलस्टपजस्तो चैं तल, माथि गर्नैं नहुने के हो यो? यो लोकतन्त्र हो । यो लोकतन्त्र भनेको जनताले भनेको, जनताका प्रतिनिधिले भनेको कुराहरूलाई संशोधन गरेर जायज कुराहरूलाई समावेश गरेर ल्याइनुपर्छ । जनता हितमा त्यो चैं निर्णय गरिनुपर्छ । तर हामी कस्ता भयौं भने जनताका कुरा भन्दाखेरि चैं जनताका नाममा भोट माग्ने, भन्दाखेरि जनतालाई अगाडि सार्ने, गर्दाखेरि आफू र आफ्नो वरिपरि र आफ्नो इष्टमित्र, नातागोता, आफ्नो ठाउँ, आफ्नो गाउँ मात्र हेर्ने हो भने केको लोकतन्त्र? त्यसो भ'को कारणले यस्तो कुरा चैं भन्ने ठाउँ दिन हुँदैन । अर्थमन्त्रीज्यूले यसलाई सच्याएर, करेक्सन गरेर ल्याइनुपर्छ । र यो जथाभावी ल्याउने होइन । कम्तीमा पनि योजना राष्ट्रिय योजना आयोगले जुन बैङ्कमा राख्ने योजनाहरू गरेको छ, त्यसका माध्यमबाट ल्याउने खालको हुनुपर्छ । अहिले कति ल्याइयो? त्यो पनि जान्न चाहन्छु । हवस्, धन्यवाद ।

(१५:५७ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, "प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त विनियोजन विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१५:५७ बजे) **माननीय अर्थमन्त्री डा. प्रकाशशरण महत**:- सम्माननीय अध्यक्ष महोदय, अहिले हामी यो बजेट विनियोजनको सिद्धान्तमा छलफल गरिराख्या छौँ । माननीय साथीहरू जसले यसलाई आलोचना गर्न चाहनुभो' उहाँले, उहाँहरूले यसमा आफ्नो दृष्टिकोण राख्नुभा'छ । अब म यहाँहरूलाई के भन्नु चाहन्छु भने यो बजेट कुनै पनि बजेट निर्माण गर्दा, विनियोजन गर्दा कति स्रोत छ, त्यो स्रोतको आधारमा विनियोजन गर्ने हो । नभएको कुरा विनियोजन गर्न सकिँदैन । त्यसो हुनाले यो विनियोजनको सिद्धान्त केमा आधारित छ भने कि हामीले हाम्रो शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास तमाम क्षेत्रहरू छन् । यी सबै क्षेत्रमा हामीले केही न केही बजेट विनियोजन गर्नुपर्ने हुन्छ । र हाम्रा प्राथमिकताहरूलाई पनि मध्यनजर राख्नुपर्ने हुन्छ । ठुला योजनाहरू पनि गर्नुपर्ने हुन्छ, साना योजनाहरू गर्नुपर्ने हुन्छ । त्यसो हुनाले जुन यहाँ माननीयज्यूहरूले यसको नीति र बजेटसँग तारतम्य भएन, यसको चाहिँ सिद्धान्त, नीतिसँग कुनै तारतम्य भएन भन्ने भनाइ आएको छ । म त्यस्तो ठान्दिन ।

अब हाम्रो खिमलालजीले त यो राणाकालीन बजेट नै भन्दिनुभो' । अब भन्न त यो देशमा जे पनि भन्न छुट छँदैछ होइन । जे विश्लेषण दिँदा पनि हुन्छ । अब यो खाले विश्लेषण चाहिँ पूर्वाग्रहको पराकाष्टा हो भन्ने मलाई लाग्छ । हामीसँग स्रोत साधनको सीमितता थियो । यसपाला राजस्व न्यून थियो । हामी सबैलाई थाहा छ । तीनवटा स्रोतबाट हामी चाहिँ बजेट यति आउला भनेर अनुमान गर्छौँ । विदेशी सहयोग, ऋण पनि त्यसमा पर्छ, अनुदान पनि पर्छ । आन्तरिक ऋण र राजस्व र हामी सबैलाई थाहा छ, हामी समन्यायिक भएन पनि भानिरा'छौँ । जब कि हाम्रो ठुलो हिस्सा हामीले सामाजिक सुरक्षामा खर्च गरिरा'छौँ । देशैभरिका जेष्ठ नागरिकहरूलाई, यो, ऊ नभनिकन हामीले बजेट विनियोजन गर्या छौँ ।

त्यस्तै गरेर विभिन्न लक्षित समुदायहरू, दलित, पछाडि परेको वर्ग, बालबालिका यो विभिन्न लक्षित हिसाबले पनि हामीले सामाजिक सुरक्षामा खर्च गर्छौँ । हामीले स्वास्थ्य बीमा चलाएका छौँ । त्यो पनि समन्यायिक दृष्टिकोणबाट । यहाँ त बाटोमा कति पर्यो । त्यसको आधारमा मात्रै बजेटको मुल्याङ्कन हुने । मेरो गाउँमा जाने बाटोमा बजेट पऱ्यो कि परेन? समग्र यो

बहसको निष्कर्ष मैले प्रतिनिधि सभामा पनि यहाँ पनि जुन छलफल भ'को छ । हाम्रो गाउँमा जाने बाटोमा बजेट पऱ्यो कि परेन? त्यसको आधारमा यो बजेट समन्यायिक भयो कि भएन? त्यो बजेट समसामयिक हिसाबले भएको भएन? या राणाकाल या पञ्चायतकालको भयो । भनेर निष्कर्षमा पुग्नु यो बजेट प्रस्तावप्रति अन्याय हुन्छ भन्ने मेरो भनाइ छ ।

जस्तो हामीले बजेट प्रस्ताव गर्दा, यो विनियोजन गर्दा सडकै एकछिनलाई उदाहरण दिउँ हामीले उत्तर-दक्षिण जाने सडकहरू छ, विभिन्न जिल्ला भएर जान्छ । पूर्व-पश्चिम जाने चार ओटा चाहिँ सडक परियोजना छ । हुलाकी राजमार्ग दक्षिण, दक्षिणमा सबभन्दा दक्षिणमा छ । मेचीदेखि महाकालीसम्म पुग्छ, त्यसपछि हामी पूर्वपश्चिम राजमार्ग भन्छौँ । पहिला महेन्द्र राजमार्ग भन्ने गर्थ्यौं । त्यसलाई चार लेन बनाउने आयोजनाहरू चाहिँ अगाडि बढिराख्या छ । त्यसपछि मदन भण्डारी राजमार्ग त्यो चुरे महाभारत राजमार्ग भने पनि हुन्छ । त्यहाँबाट चाहिँ चुरे कही महाभारत पनि माथि चढ्छ । त्यहाँबाट गइरा'छ । त्यसपछि मध्य पहाडी राजमार्ग छ । यी सबै राजमार्गमा बजेट विनियोजित छ । पूर्व-पश्चिम राजमार्ग चार लेन हुने हुनाले विदेशी सहयोग  अधिकांश त्यहाँ छ । त्यो पनि मधेस तराईका कुनै न कुनै जिल्लाबाट जान्छ । यो भित्री तराई, भित्री मधेश र चुरे महाभारतबाट आर्को यो मदनभण्डारी राजमार्ग, चुरे महाभारत राजमार्ग त्यहाँ जान्छ । मध्य पहाडीबाट पनि पूर्वदेखि पश्चिममा जहाँ जँहा काम भा' छैन त्यहाँ बजेट राख्या छ । तयसपछि ठाडो उत्तर-दक्षिण सडकहरू छन् । त्यो भन्दाबाहेक पनि जिल्ला, जिल्लामा पनि थप बजेट विनियोजन भा' छ । तर यहाँको भाष्य के भा'को छ भने केही प्रधानमन्त्री, पूर्वप्रधानमन्त्री हामीले त्यसभन्दा पनि पहिलाको पूर्वप्रधानमन्त्री कहाँ कसरी जान्थ्यो भन्ने हामीलाई था' छ नि । तर हामीले कुनै पुर्वाग्रह राखेनौं त्यहाँ कतिपय चाहिँ चालु आयोजना छ । अहिले हिसाब गर्ने हो भने झापामा सबभन्दा धेरै । मदन भण्डारी राजमार्गमा सबभन्दा ज्यादा रकम रकमान्तर भा' छ । पहाडतिरको अधिकांश बजेट खर्च नभएर कहाँ छ? झापा, त्यो पनि मदन भण्डारी राजमार्गमा गा'को छ । भनिसकेपछि हामीले कुनै पनि भेदभाव गऱ्या छैन ।

त्यतिले नपुगेर । माननीय सदस्यज्यूहरू, हामीले कुनै निर्वाचन क्षेत्रमा कथम कदाचित् तुलना गर्दा विविध कारणले कम पऱ्या हुन सक्छ । न्यून पर्न सक्छ । अब यो मुल, मुल राजमार्गमा जुन विदेशी सहयोग छ । पृथ्वी राजमार्गमा यहाँतिर पूर्व-पश्चिम राजमार्गमा त्यसपछि सिँचाइमा चाहिँ मरिन कोशी डाइभर्सनमा यता चाहिँ भेरी डाइभर्सन ठुलो पैसा महिनै महिना पिछै नै एक अर्ब चाहिन्छ । त्यहाँ मेसिनले चाहिँ खन्या खन्याई छ । महिनाको एक अर्ब चाहिँ माग छ । अब तिर्न ढिला भ' भनि यहाँ चाहिँ जरिवाना लाग्छ भनेर चाहिँ अब त्यहाँ बजेट

विनियोजनभन्दा पनि ज्यादा दिनुपरिरा'छ । भनी सकेपछि यो विभिन्न ठुला आयोजनामा त्यसमाथि राष्ट्रिय गौरव भनेर हामीले चाहिँ फास्ट ट्र्याकमा ठुलो पैसा चाहिँ महत्त्वपूर्ण आयोजनामा कनफाइन भो'के । त्यसले गर्दा साना मझौला आयोजना, सडकहरूमा हामीसँग विनियोजन गर्ने रकम कम छ । त्यसले गर्दा माननीयज्यूहरूले भन्या जस्तो गाउँगाउँमा हरेक ठाउँमा सडकको बजेट पुग्या छैन । यो सत्य हो । तर त्यो भनेर पुग्दै नपुग्या, दिँदै नद्या, भेदभाव गरेको होइन । र त्यसै हुनाले अझ काहीँ कतै तलमाथि पर्न सक्ला भनेर १६५ निर्वाचन क्षेत्रमै हामीले ५/५ करोडको दरले सबभन्दा ज्यादा त्यसको प्रतिरक्षा त मैले गरिरा'छु नि । स्वयम् माननीयज्यूहरू, इभन प्रतिनिधि सभाका माननीयज्यूहरूले पनि अब हामीसँग व्यक्तिगत भेट्दा यो त राख्नुपर्या छ । तर चाहिँ सार्वजनिक रूपमा चाहिँ कसरी । म कस्तो परे भने म यहाँ पनि दोहोऱ्याउँछु । विपी कोइरालाले भन्नुभा' थ्यो । जब सत्य मुख बन्द हुन्छ । झुटोको थुतुनो चल्छ । त्यो नै सत्य जसरी स्थापित हुन थाल्छ । त्यसकारण सत्य भएको कुरोलाई बोल्न छोड्नुहुन्न । एकछिनको लागि त्यो जुन भ्रम पूर्ण समाचार नै सत्य जस्तो स्थापित हुन थाल्यो भने त गलत भो नि । त्यसकारण जे छ भन्न छोड्नुहुन्न । यो संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम सबभन्दा ज्यादा मैले डिफेन्स गर्या छु । कुनै माननीयज्यूहरूले चाहिँ डिफेन्स गर्नुभा' छैन । यो कुनै पकेटमा लाने पैसा होइन । सिफारिस गर्ने हो । सबै माननीयज्यूले Upper House हो कि, Lower House हो कि, समानुपातिक हो कि, प्रत्यक्ष हो कि सबै मिलेर चाहिँ उ गर्ने, सिफारिस गर्ने, सिफारिस गर्न पनि नपाउनु? सिफारिस गर्नु पनि पाप हो माननीयज्यूहरूले । भनिराख्या छ । त्यो ५/५ करोड राखेकै कारण काही एकदम न्यून पनि पर्न सक्छ विविध कारणले । त्यसकारण त्यसले कम्तिमा पनि अरू जतिजति त्यहाँ विभिन्न शीर्षकमा, विभिन्न मन्त्रालयबाट बजेट जाला त्यो प्लस ५ करोड पनि त्यहाँ जान्छ । पाँच वर्षमा ५ पन्चे २५ करोड हुन्छ । पछि बढि साइज भो' भने ५ को ठाउँमा १० पनि होला होइन । भनेर हामीले चाहिँ त्यसरी विनियोजन गर्या छौं । यसो हुँदा हुँदै अधिकांश माननीयज्यूले यो चाहिँ समन्यायिक भएन, यो राणाकालीन बजेट । राणाकालमा हामी नजन्म्या भए पनि माननीयज्यूहरूले, हामीले इतिहास हामी सबैले पढ्या छौं नि । भन्न मिल्छ?

कुनै यहाँ बजेट प्रणाली थियो? यसरी चाहिँ यहाँ आएर प्रतिनिधिको अगाडि आएर पटकपटक आएर त्यसलाई चाहिँ डिफेन्स गर्नुपर्ने अवस्था थ्यो? अन्धकारको युग थियो । माननीयज्यू, खिमलाल माननीयज्यूलाई यो थाहा छैन । भनि सकेपछि राणाकालीन बजेट भन्दिनी? कि कस्तो हालत थियो? उनीहरूको पकेटको खर्च जस्तरी गर्थे । हामीले त्यो गर्या छ? हो सानो समय थियो मेरो लागि दुई महिना पनि थिएन । हाम्रो यो संयन्त्र त्यहीँ हो अझै पनि वैज्ञानिक

हुन सक्या छैन । अब हामीले जे राख्दै आ'छौं । कर्मचारीतन्त्रमा त्यहीँ नै पेस गरिन्छ । अन्तिम समयमा कतिपय ठाउँमा मन्त्री नै थिएन । त्यस्तो अवस्थामा त्यहाँ आमुल किसिमबाट पुनर्विचार गर्ने, कि अब त्यसमा कुन कार्यक्रमले काम गर्यो, कुन योजना चाहिँ राम्रो गरिरा'छ । कुन गरिरा'छैन भन्ने आधारमा समग्र रूपमा त्यसलाई चाहिँ सर्जरी गरेर नयाँ प्रस्ताव गर्ने चाहिँ समय थिएन ।

त्यसभन्दा अगाडिको सरकार म नआउनुभन्दा अगाडिकोले पनि कुनै तयारी गरेको थिएन । त्यस्तो कुनै तयारी गर्या प्रस्ताव भए त्यसलाई राम्रो भए । मैले पनि अगाडि सार्थें । कुनै त्यस्तो तयारी थिएन । त्यसभन्दा अगाडि पनि तीन महिना अर्को अर्थमन्त्री हुनुभा' थियो । त्यो किसिमको नयाँ तयारी भा'को कहाँ चाहिँ कमी कमजोरी भ'को छ । र अब यसरी जाऊँ भन्ने केही पनि थिएन । त्यो बिचमा मैले बजेट तयार गर्या हो । यो विनियोजन प्रस्तावको कुरा गर्दाखेरि समग्रमा त मैले चाहिँ आय व्ययको सिद्धान्तमाथि अस्ति नै पनि कुरा राखिसकें । विनियोजनमा मात्रै बजेट विनियोजनमा मात्रै फोकस हुँदाखेरि म के भन्न चाहन्छु भने त्योबिचमा हामीले चाहिँ विनियोजन गर्या हौं । त्यसो हुनाले म भन्दिनँ । यो चाहिँ एकदम वैज्ञानिक थियो सबका सब राम्रो थियो । योभन्दा महान बजेट छँदै थिएन भनेर मैले कहाँ भन्या छु । कुनै पनि महान नेता पर्फेक्ट सर्वगुणसम्पन्न बजेट हुँदैन । हामी चाहिँ त्यस्तातर्फ सधैं उन्मुख हुने हो । निरन्तर रूपमा उन्मुख हुने हो । कोसिस गर्ने हो । त्यो कोसिस मैले गर्‍या छु ।

र जुन सुधारको प्रस्ताव माननीयज्यूहरूले चाहिँ त्यसलाई चाहिँ ध्यान दिनुभएन । जुन सुधारको प्रस्ताव बजेटरी सुधारको प्रस्ताव त्यहाँ चाहिँ के छ भने समयमै कार्यविधि बन्ने समयमै ठेक्का लाग्ने । अनावश्यक रकमान्तर नहुने । पहाडका अधिकांश बजेटहरू रकमान्तर हुने । त्यो देखिन मात्रै देखिने । एकछिन विनियोजन गर्या छु भनेर माननीयज्यूहरूले ल मैले पार्या छु भनेर एकछिन खुसी भएर के गर्ने । कार्यान्वयन गर्ने बेलामा त्यहाँ त बजेटै छैन । अन्तै पुगिसक्यो । त्यस्तो अवस्था अब यो दुर्गम पछाडि परेको क्षेत्रहरू । जुन विनियोजित बजेट छ । जथाभाबी त्यसरी रकमान्तर गर्न दिइने छैन भनेर बजेट हामीले भन्या छौं । र अहिले नै हामीले यसलाई यो जे जे हामीले कार्य तालिका समय तालिका बनाको छौं । त्योअनुसार कार्यान्वयन गर्ने हो । यो चाहिँ बजेट खालि चाहिँ बोल्नको लागि प्रस्ताव गर्नको लागि राखिया बजेट होइन । यो कार्यान्वयन गर्नको लागि हो भनेर समग्र संरचना सचिवज्यू, मुख्यसचिवज्यू राखेर चाहिँ छलफल मैले सुरु गरिसक्या छु । त्यसकारण मेरो आशय जनता, देशलाई केन्द्रविन्दुमा राखेर नै यो बजेट प्रस्ताव आ'को छ । यद्यपि यहाँ पर्फेक्ट गर्ने यसलाई चाहिँ अझै राम्रो गर्ने प्रशस्त स्कोप छ । त्यसको लागि मेरो लागि समय थिएन । सम्पूर्ण आयोजनाहरूलाई

चाहिँ पुनर्विचार गरेर त्यसको गुण, दोषको आधारमा कुन प्रभावकारी भयो भएन । त्यसलाई मूल्याङ्कन गरेर गर्ने चाहिँ समय थिएन । त्यसकारण यो पनि म यहाँहरूलाई चाहिँ निवेदन गर्न चाहन्छु । त्यसकारण कुनै खाले चाहिँ जानी जानीकन इम्ब्यालेन्स गर्न खोज्या, असन्तुलन गर्न खोजेको छैन ।

त्यस्तैः अरू माननीयज्यूहरूले पनि कोही पनि खुसी भा' छैनन् । मैले आज एउटा कुरा अन्त पनि बोलें । हाम्रो चाहिँ के छ भने पकाउने चामलको उदाहरण दिऊँ न । एक कसौडी पकाउने हामीसँग चामल छ । आवश्यकता छ ठुलो खड्कुँरो भरी पकाउनुपर्ने । भनेपछि सबैलाई खुसी पार्न सकिन्छ? आवश्यकता त हामी अनन्त छ नि साधन, स्रोत सीमित छ । त्यसो हुनाले यो हाम्रो स्रोत साधनको सीमिततालाई मध्यनजर राखेर मात्रै हामी विनियोजन गर्न सक्छौं भन्ने कुरालाई पनि म चाहिँ बिन्ती गर्न चाहन्छु । यो कुनै नेता कसैलाई विशेष गरेर चाहिँ छुट दियो । ज्यादा चाहिँ फेवर गर्यो त्यस्तो छैन । संघीयता यो विपरीत भनिरहनुभा' छ । संघीय बजेट २२/२३ पर्सेन्टले घट्या छ । प्रदेश, स्थानीयमा ७ पर्सेन्ट मात्रै घटा' छ । कसरी संघीयता विरोधी हो? बजेटै कम छ त यो सालको चाहिँ विनियोजित बजेट १७ खर्ब, ९२ अर्ब थियो । यसपाल चाहिँ १७ अर्ब, ५१ करोड छ । ५१ अर्ब छ । त्यति मात्रै होइन । यसपाल मैले पहिला पनि यो सम्मानित सदनमा निवेदन गरें । यसपाल ऋण, ब्याज तिर्ने । विदेशीलाई तिर्ने यो हाम्रो आन्तरिक ऋण तिर्ने त्यो ऋण, ब्याज तिर्ने दायित्व एकदमै बढ्यो । भूकम्पमा लिएको ऋण अरू खाले चाहिँ ऋणहरू कति चाहिँ ठिक ऋण लियौं । कतिपय चाहिँ हामीले अनुत्पादक ऋण लियौं । एयरपोर्टको दुइटा एयरपोर्टको चाहिँ अहिले ज्वलन्त उदाहरण छ भनेपछि त्यो ऋणको दायित्व तिर्ने यसपाल ह्वात्तै बढ्यो । त्यो ऋणको साँवा, ब्याज तिर्ने दायित्व नै पुँजीगत खर्चभन्दा ज्यादा छ । ३०७ अर्ब यो ऋण, साँवा, ब्याज तिर्ने दायित्व छ । हाम्रो चाहिँ पुँजीगत खर्च ३०२ अर्ब छ । यद्यपि साधारण खर्चमा पर्ने चाहिँ पुँजीगत खर्चलाई पनि जोड्यौं भने त ४७१ अर्ब हाम्रो पुँजीगत खर्च छ । तर पुँजीगत खर्च शीर्षककै कुरा गर्ने हो भने हामीले ऋण ब्याज जुन हामी तिरिरा' छौं । त्यो चाहिँ ३०७ त्यसमा चाहिँ विनियोजन भा'को छ । अर्को वर्ष अझ बढ्छ । त्यसले गर्दाखेरि दबाब कहाँ पर्यो । पुँजीगत खर्चमा पर्यो । साधारण खर्च पनि धेरै कटाउन सकिँदैन । अब तलब, भत्ता कटाउन सकिँदैन । सामाजिक सुरक्षा कटाउन सकिँदैन । अलिकति चाहिँ यो प्रशासनिक खर्च अलिअलि घटाएर । धेरै घट्दैन खालि बढ्न नदिनेतर्फ हामी चाहिँ क्रियाशील भयौं । त्यसो हुनाले पुँजीगत खर्चमा जुन चाप पर्यो । र पुँजीगत खर्चमा पनि ठुल्ठुला चाहिँ पहिला नै राष्ट्रिय गौरव भनेर विदेशी सहयोगको ठुलो आयोजनामा अधिकांश रकम त्यहाँ चाहिँ कन्फाइन भो' । अनि

बाँकी बचेको बजेटले चाहिँ हामी देशैभरि चाहिँ खर्च गर्दाखेरि भन्याजस्तो विनियोजन भा'को छैन ।

सही कुरा हो । माननीयज्यूले भन्नुभो' । झुठो बोल्दिन भन्नुभा' थियो । झुठो बोल्नुभो' यो क्यारे बजेटमा चाहिँ यो कनिका छर्याजस्तरी छर्दिनभन्दा छर्दिनुभो' । मैले त्यहाँ राम्रोसित पढ्नुभएन्छ माननीयज्यूले । कि त्यहाँ भन्या छु मैले यो रोक्न खोज्दाखोज्दै पनि पूरै यो चाहिँ क्यारे छर्ने उसलाई रोक्न सक्या छैन भनेर भन्या छ । म त जे हो । त्यो स्वीकार गरेर अगाडि बढ्ने हो । कमी कमजोरी स्वीकार गरेर मैले गर्न खोज्दाखोज्दै पनि सक्या छैन । मैले कोसिस गरें । यतिसम्म रोक्न सकें । र यो चाहिँ अब हाम्रो सुरुआत हुन्छ । यसलाई अब पूरै चाहिँ पुनर्विचार गरेर आउँदो वर्षमा अहिलेदेखि हामीले वर्कआउट गर्नुपर्छ । कस्तो तहको आयोजना केन्द्रले गर्ने, कस्तो प्रदेशले र कसले कस्तो स्थानीय तहले गर्ने भनेर चाहिँ त्यो हामीले गर्नै पर्छ । त्यसकारण माननीयज्यूहरूले भन्याजस्तो एउटै प्रकृतिको सबै माननीयज्यूहरूको यहाँ भनाइ आएको छ । त्यसकारण म फेरि पनि भन्न चाहन्छु । यो बजेटले अन्याय, समन्यायिक भएको छैन भन्ने कुरो चाहिँ त्यो होइन र फेरि हामीले बजेट विनियोजन गर्दा धेरै सडक मात्रै हेर्ने त्यहाँ स्कुलका कुरा, हस्पिटलका कुरा, उद्योगको कुरा, खानेपानीको कुरा, सिँचाइको कुरा हामी हिसाबै गर्दैनौं । सडक मेरोमा परेन भन्ने धेरै छ । अब सडकलाई पनि अब हामीले प्राथमिकीकरण गर्नुपर्यो । कति ज्यादा चल्ने कति ज्यादा जनसङ्ख्यालाई सेवा दिने त्यसलाई हामीले प्राथमिकतामा राख्ने । त्यसलाई चाहिँ बाह्रै महिना चल्ने बनाउने बढी विनियोजन गर्ने त्यसको पनि हामीले निर्क्योल आगामी दिनमा गर्नुपर्छ संघीयताको कुरा मैले भनिहाले । ७ प्रतिशत मात्रै तल घट्या छ । माथि चाहिँ २२/२३ प्रतिशत घट्या छ । किन घट्यो भन्दाखेरि अब विदेशी, स्वदेशी ऋण तिर्नको लागि तिर्नै पर्छ । त्यसको चाहिँ साँवा ब्याज न्यूनतम इन्स्टलमेन्टमा ब्याज तिर्नै पर्छ । त्यो तिर्नै बढेपछि तब दिने त कम हुन्छ । दिने कम हुँदा तै पनि हामीले स्थानीय र प्रदेशलाई चाहिँ धेरै कम गर्नुहुँदैन । ७ पर्सेन्ट मात्र कम गरिरा' छ । यता चाहिँ २२/२३ पर्सेन्टमाथि चाहिँ घटाइरा' छ । किनभने ठुलो पैसा चाहिँ यसपालोको बजेटभन्दा थोरै मात्रै कम आउँदो बजेट भए पनि ऋण साँवा ब्याज तिर्नलाई ऋण चाहिँ ज्यादा छुट्याउनुपर्ने हुनाले हामी विनियोजन कम भैरा' छ । यो कुरालाई चाहिँ हामीले बुझिदिनुपर्छ भन्ने मलाई लाग्छ । त्यसकारण यो संघीयताअनुसार हामी नगएको कुरा पनि होइन । अब समाजवाद उन्मुखको कुरा धेरैपटक आइसक्यो खालि शब्दले मात्रै केही पनि हुन्न हेर्नुस् ।

मुल कुरो अब शब्द हामी जे पनि राख्नुहोस् । तर त्यसको मर्मको कुरा गर्ने हो भने आर्थिक वृद्धि गर्ने, आर्थिक वृद्धिको पहुँच आमनागरिकलाई पुऱ्याउने नै यो बजेटको लक्ष्य हो ।

हामीले अहिले जुन करको यद्यपि विनियोजन विधेयकमा छलफल गरिरा'छौं । यसमा मैले धेरै प्रवेश गर्न आवश्यक छैन । करको चाहिँ जुन हामीले व्यवस्था गऱ्या छौं । यसले चाहिँ जो वर्ग, समूह धेरै आम्दानी गर्छ तर करको दायरामा आइरा'छैन उनीहरूलाई चाहिँ त्यो करको दायरामा ल्याउने काम गर्या छ । अब त्यो अर्थमा त समाजवाद उन्मुख भन्नुभो' Progessive तर हामी भन्छौं, कुरा गर्छौं Progessive हुनुपऱ्यो, यो समाजवाद उन्मुख हुनुपऱ्यो तर ..... सबै चाहिँ यो व्यवसायहरू सबै बेखुसी छन् । उनीहरूलाई बेखुसी बनाउने चाहिँ बजेट ल्यायो । भन्दिराख्या हुन्छ । त्यसकारण यसलाई चाहिँ अलिकति एउटा Prospective मा बुझिदिन म अनुरोध गर्छु ।

सुमित्राजीले यहाँ राम्रो कुरा, कहाँबाट स्रोत आउछ थाहा छैन । त्यही मैले बताइरा' स्रोत नभइकन विनियोजन कहाँबाट हुन्छ? स्रोत हाम्रो चाहिँ के छ भनदेखि अब आउँदो वर्षमा हाम्रो राजस्व बढ्छ । त्यहीअनुसार हामीले बढी आउँछ भनेर यही पनि अहिलेको हामीले विनियोजन गर्यौं । राजस्व बढ्छ भन्ने अपेक्षाका साथ गर्या छौं । अपेक्षा मात्रै हचुवामा मात्रै राख्या होइन । जसरी हामीले चाहिँ यो वैज्ञानिक कर प्रणाली चाहिँ मूल्य अभिवृद्धि करलाई प्रवेश फेरि चाहिँ त्यो चाहिँ घट्दै, घट्दै हटाउँदै गा'थ्यो । त्यसलाई प्रवेश गरा'छौं । यसले राजस्वको दायरा बढ्छ । अहिले चाहिँ बढ्न थालिसकेको छ । तथ्याङ्क हेर्नुहोला । त्यस कारण त्यो कुरा यहाँहरूलाई निवेदन गर्दै यो यहाँहरूले रामचन्द्रजीले, दिल कुमारीजीले, सुमित्राजीले, कुमारजीले त्यसपछि चाहिँ हाम्रो खिमलालजीले त्यस्तै गरेर चाहिँ विमलाजीले, तुलसाजीले, राजेन्द्र लक्ष्मीजीले उठाएका विषय वस्तुलाई मैले सम्बोधन गरे जस्तो लाग्छ । समग्रमा यो विनियोजन समन्यायिक सिद्धान्तमा आधारित छ । सङ्घीयतालाई प्रोमोट गर्ने किसिमले चाहिँ यो बजेट विनियोजन गरेको छ । तर स्रोत, साधनको सीमितताको बिचमा हाम्रो आवश्यकताहरू चाहिँ धेरै छन् । गर्न सक्ने क्षमता हाम्रो चाहिँ ज्यादा छैन । त्यसलाई मध्यनजर राख्नुपर्छ । त्यसकारण हामी इफिसेन्सी बढाउनुपर्छ । कसरी हाम्रो सीमित साधन, स्रोतबाट पनि बढी प्रभाव छोड्ने र हाम्रो चाहिँ के छ भनदेखि साधन, स्रोतको दायरा पनि कसरी बढाउने? त्यतातिर चाहिँ हाम्रो बजेट उन्मुख भएको छ । त्यहीअनुसार चाहिँ यो विनियोजन विधेयक गरिएको कुरा म निवेदन गर्न चाहन्छु । पछि फेरि समग्रमा यो आर्थिक विधेयकमा जहाँ चाहिँ स्रोत, साधन कसरी जुटाउने कुरा गर्यौं । कर कै कुरा गर्यौं । त्यस बारेमा फेरि चाहिँ चर्चा हुँदा त्यो बेलामा फेरि म चाहिँ यो सम्मानित सदनसमक्ष उभिएर आफ्नो कुरा राख्ने नै छु । यो अवसर दिनुभो' यहाँहरूको अमुल्य सुझाव, सल्लाह, समालोचना हैन, आलोचना अहिले अब समर्थन गर्ने साथीहरूले चाहिँ बोल्नुभएन? यो ठिक छ भन्ने यसलाई अलिकति आलोचना गर्ने साथीहरूले चाहिँ बोल्नुभा' हुनाले सम्पूर्ण आलोचना गर्ने

साथीहरूलाई समालोचना गर्ने साथीहरूलाई माननीयज्यूहरूलाई, माननीयज्यूहरूलाई चाहिँ धन्यवाद दिन चाहन्छु । धन्यवाद । जय नेपाल ।

(१६:२२ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, "प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त विनियोजन विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म "प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त विनियोजन विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ "प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त विनियोजन विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त विनियोजन विधेयक, २०८० का सम्बन्धमा खर्च कटौतीको प्रस्तावको सूचना दिन चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३६ बमोजिम राष्ट्रिय सभाको विधेयक शाखामा सूचना दिन सक्नुहुने बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, "प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त विनियोजन विधेयक, २०८०" का विभिन्न शीर्षकहरूमाथि छलफलका लागि २०८० असार १८, १९, २०, २१ र २२ गतेका दिनहरू र सम्बन्धित मन्त्रीबाट जवाफ दिनका लागि मिति २०८० असार २४, २५ र २६ का दिनहरू निर्धारण गरेको छु । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले छलफलमा हुने दिनभन्दा एक दिन अगावै कार्य व्यवस्था शाखा, राष्ट्रिय सभामा दलीय आधारमा नाम उपलब्ध गराउनुहुन अनुरोध गर्दछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल असार १८ गते सोमवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल असार १८ गते सोमवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १७:२३ बजे ।**